# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

नेपालीहरूको प्रमुख पर्वहरु नेपाल सम्बत् ११४५, भाइटिका, तथा छठको उपलक्ष्यमा सम्पुर्ण प्रदेशबासी दाजुभाइ दिदीबहिनीहरुमा सुस्वास्थ्य, सुख, शान्ति र दीर्घायुको शुभकामना व्यक्त गर्दछु। नेपाल सम्बत् रास्ट्रिय बिभुती शंखधर साख्वाद्वारा प्रबर्तन गरिएको मौलिक रास्ट्रिय सम्बत् हो। उनले लिच्छवि राजा राघबदेवको शासनकालमा काठमान्डु उपत्यकामा रहेका गरीब तथा किसानको ऋण तिरिदिइ यस सम्बत् प्रचलनमा ल्याएका थिए। साथै नेवार समुदायले म्ह पुजा गरि आत्मशुद्दी गर्ने प्रचलन छ। आफुले आफ्नो स्वास्थ्यलाई ख्याल गर्ने कुरा बिज्ञानसम्मत् छ। आफुमा भगवान रहेको मान्यता म्हपूजाले दर्शाउँछ।

तिहार पर्व धार्मिक, सान्स्कृतिक, प्राकृतिक सबै पक्षबाट महत्व बोकेको पर्व हो। यो पर्वमा काग, कुकुर, गाई, गोरू, पर्वत, लक्ष्मी र दाजुभाइको पूजा आराधना गरिन्छ। मानव र प्रकृतिको मेललाई यसले उजागर गर्दछ। यो पर्वलाई प्रकाशको पर्व पनि मानिन्छ जुन उज्यालो र प्रगतिपथको अर्थमा लिन सकिन्छ। दाजुभाइ दिदीबहिनीको पारिवारिक मेलमिलाप र ममता यो पर्वले प्रष्ट झल्काउँछ।

छठ पर्वमा सूर्य देवता र छठी माताको पूजा गरिन्छ। ब्रतालुहरु नदी, ताल किनारमा गई अघिल्लो दिन अस्ताउँदो सूर्यलाई अर्घ दिएर रातभर जाग्राम बसी अर्को दिन बिहान उदाउदो सुर्यलाई अर्घ दिएर पूजा आराधना गरि यो पर्व हासीखुसीका साथ मनाइन्छ।

हाम्रा चाडपर्वहरू हाम्रा अमुल्य निधि हुन्। हामी सभ्य र सहिष्णु समाजमा आपसी मेलमिलाप र भाइचाराको भावनाले ओतप्रोत भएर चाडपर्वहरु मनाउने गर्दछौं। यी पर्वहरुले हामीलाई सुख ,शान्ति र बैभबको पथमा अगाडि बढ्ने प्रेरणा मिलोस् भन्ने अपेक्षा राख्दै आ–आफ्ना गक्ष्य अनुसार पर्वहरु मनाउनुहुनेछ भन्ने कामना गर्दछु।

धन्यवाद

**२०८१ साल कार्तिक १५ गते, बिहीबार**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**